गोरखा नगरपालिका
GORKHA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
डुम्रीडाँडा, गोरखा
Dumri Danda, Gorkha
☎: 064-420269
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No.)
चलानी नं. (Dispatch No.) ८१९५

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

## गोरखा नगरपालिका कार्यालयको जै घाँस ७५ % अनुदानमा वितरण गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशन मिति- २०७७।०७।२१

गोरखा नगरपालिका, पशु सेवा शाखा गोरखाबाट आ.व २०७७।०७८ मा यस नगरपालिका अन्तर्गतका कृषकहरूलाई हिउदे घाँसको बिउ जै घाँस विउ ७५ प्रतिशत अनुदानमा वितरण गरिने भएकोले उक्त विउ लिनको लागि ईच्छुक कृषकहरूले निम्नानुसार कागजात सहित सम्वन्धित वडा कार्यालयमा कार्यालय समयमा मिति २०७७।०७।२७ गते भित्र सर्म्पक गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरू

- सम्वन्धित वडा कार्यालयको सिफारिस
- नागरिकता प्रतिलिपी
- लालपूर्जाको प्रतिलिपि
- निवेदन

नोट : १. फर्म दर्ता गरि निरन्तर व्यवसाय गरिरहेका कृषकलाई विशेष प्राथमिकता दिइनेछ ।

२. फर्मवाला कृषकहरूले फर्म दर्ता प्रमाण पत्र र करचुक्ताको प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि

टंकु कुमारी पूर्जा (पशु सेवा प्राविधिक) ९८४६००४००२
आशा आले (पशु स्वास्थ्य प्राविधिक) ९८४९६४४४८३
शिवराम नेपाली (नायव पशु सेवा प्राविधिक ) ९८०६५०५५५३

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

## पशु आहारा सेवा कार्यक्रम ( ७५ प्रतिशत अनुदानमा घाँसको विउ वितरण गर्न कृषक छनौटको मापदण्ड ) २०७७

वर्षै भरी हरियो घाँसको उपलव्धता सुनिश्चित गर्नको लागि कृषक, व्यवसायीक कृषक तथा कृषक समूह /समिति /सहकारी मार्फत उन्नत जातका हिउदे, वर्षे र वहुवर्षे घाँसेवालीहरुको खेती प्रवर्द्धन गर्नुपर्ने आवश्यकता देखिएको छ । उन्नत घाँस खेति विस्तारको लागि गोरखा नगरपालिकावाट घाँसको विउ/वेर्ना/सेट्स स्लीप आदिको ७५ प्रतिशत अनुदानमा आवश्यकताको आधारमा वितरण कार्यक्रमहरु संचालन गरिने छ । उक्त कार्यक्रमहरु संचालन गर्दा कृषक छनौटका मापदण्डहरु देहाय बमोजिम रहने छ ।

१. यो मापदण्डको नाम गोरखा नगरपालिकाको "घाँसको विउ वितरण सम्बन्धी मापदण्ड-२०७७" रहने छ ।

२. यो मापदण्ड नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

३. कृषक छनौटका मापदण्डहरु देहाय बमोजिम हुनेछ ।

क) पशु पालनमा आवद्ध कृषक, व्यवसायिक कृषक/समूह/समिति/सहकारी फर्म र उद्यमीहरुलाई वार्षिक स्वीकृत कार्यक्रम वजेटको सिमा भित्र रहि ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

ख) व्यवसाय दर्ताको हकमा गाई/भैसी घाँस लगाउने जमिनको उपलव्धता र सिँचाईको व्यवस्थाको आधारमा विउ/वेर्ना/सेट्स ७५ प्रतिशत अनुदानमा वितरण गरिनेछ । बाँकी २५ प्रतिशत सम्बन्धित कृषक वा फर्मले नगरपालिकामा नगदै जम्मा गर्नुपर्नेछ।

ग) घाँसको विउ उत्पादन गर्ने कृषकको हकमा कम्तीमा ३ रोपनी जमिनमा घाँसको विउ लगाउनुपर्नेछ ।

घ) संघीय वा प्रदेश सरकारबाट घाँसको बिउ गत आ.व. मा नपाएको हुनुपर्नेछ ।

ङ) प्रदेश सरकारबाट घाँसको बिउ अनुदान पाएको कृषक वा फर्मलाई नगरपालिकाबाट अनुदान उपलब्ध गराइने छैन ।

च) नगरपालिकाले छुट्टाएको बजेटले अनुदानमा विउ वितरण गर्न नपुग हुने अवस्था आएमा दामासाहिको हिसाबले नगरपालिकाको निर्णय बमोजिम बाँडफाँड गरिने छ ।

छ) अनुदानमा वितरण गरिने घाँसको बिउ वितरणमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर प्रमुखको निर्णय अन्तिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner